नेपाल सरकार
ऊर्जा मन्त्रालय

*पहिलो संशोधन मिति २०६७।९।९*

# <u>जलविद्युत आयोजनाको अनुमतिपत्र व्यवस्थापन सम्बन्धी (आन्तरिक) कार्यविधि, २०६७</u>

१. कुनै कम्पनीको प्रकृतिमा भएको परिवर्तन वा त्यसको शेयर संरचनामा कुनै परिवर्तन भएमा सो को जानकारी अनिवार्य रुपमा उर्जा मन्त्रालय / विभागलाई गराउनु पर्ने छ र यसरी संस्थापित कम्पनीको आर्थिक क्षमता कम्तीमा पनि मिति २०६७।२।१४ को स्वीकृत कार्यविधि बमोजिम हुनुपर्ने छ ।

२. सर्वेक्षण अनुमतिपत्र जारी भै अध्ययन पूरा हुन नसकेका वा अनुमतिपत्र नवीकरण नभएका वा अनुमतिपत्रको अवधीभित्र उल्लेखनीय रुपमा आयोजनाको संभाव्यता अध्ययनसम्बन्धी प्रगति गरेका तर कुनै कारणवाट निर्माणमा जान नसक्ने भएका आयोजनाहरुलाई मन्त्रीस्तरीय निर्णयबाट गठित संयन्त्रले पुनरावलोकन गरी प्रतिस्पर्धाबाट अनुमतिपत्र जारी गर्ने वा अन्य उपयुक्त विकल्पबाट आयोजना विकास गर्ने भन्ने विषयमा सिफारिस गर्नेछ । अनुमतिपत्र जारी गर्दा वा अनुमतिपत्र नवीकरण गर्दा समेत उक्त संयन्त्रले पुनरावलोकन गरी सिफारिस गरेको आधारमा सो सम्बन्धी विषयको अन्तिम निर्णय गरिने छ ।

३. विद्युत वजारको अवस्था अनुसार अल्पकालीन विद्युत खरिद बिक्री सम्झौता भएको अवस्थामा आन्तरिक र निर्यातमुखी आयोजनाहरुलाई विद्युत उत्पादनको अनुमतिपत्र दिन सकिने छ ।

४. विद्युत उत्पादन अनुमतिपत्रको लागि आवेदन गरिसकेका बाहेक सोही प्रबर्धकको हकमा ३ तीन वटा भन्दा वढी आयोजनाको जलविद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्रदान गरिने छैन ।

५. जलविद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्रको लागि आवेदन गर्ने प्रबर्द्धकले अनुमतिपत्रको लागि आवेदन गर्दा वा नवीकरण गर्दा उक्त कार्यमा एक भन्दा बढी व्यक्ति वा संस्थाको संलग्नता रहने भएमा सवै सेयर सदस्यको स्वामित्वको अद्यावधिक विवरणको कागजात पेश गर्नुपर्ने छ ।

६. विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त प्रबर्द्धकले आयोजनाको क्षमता तथा क्षेत्र संशोधनको लागि अनुमतिपत्रको अवधि ३ वर्ष ननाघ्दै माग गर्नुपर्ने छ । तर कुनै कारणले सो अवधीपश्चात् संशोधन स्वीकृत माग भएमा त्यस्तो संशोधन स्वीकृत भएको कारणले सर्वेक्षणको कूल अवधी थप हुने छैन ।